# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ ज्येष्ठ २४ गते

### गोरखाका १३ गाबिसलाई सुरक्षित स्थानमा सार्न आयोगको आग्रह

गोरखाका स्थानीय बासी र सरोकारवालाहरुले आज राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी सँग भेट गरी भूकम्प प्रभावित गोरखा जिल्लाका १३ गाबिसलाई सुरक्षित स्थानमा सार्न अनुरोध गरेका छन् । आयोगमा भएको छलफलमा उनीहरुले बस्तीहरु सार्दा धार्मिक तथा सांस्कृति अधिकार सुनिश्चित हुनुपर्ने माग राखेका छन् ।

छलफलमा उनीहरुले तिब्बती नाकाबाट आवातजावत सहज बनाउन उक्त नाका खोल्ने व्यवस्था मिलाउनुपर्ने, असोज सम्म पुग्ने खाद्यान्न रहेकाले यथासिघ्र खाद्यान्नको व्यवस्था गर्नुपर्ने, १३ गाबिसहरुलाई समयमै स्थानान्तरण गरी उचित व्यवस्थापन गर्नुपने, पहिरोमा पुरिई वेपत्ता भएकाहरुको खोजी गर्नुपर्ने, भूकम्पमा क्षति भएकाहरुलाई परिचय पत्र, राहत तथा क्षतिपूर्ति सरल रुपमा उपलब्ध गराइदिन आयोग समक्ष आग्रह गरेका छन् । छलफलमा आयोगका अध्यक्ष अनुपराज शर्माले आयोगले जोखिममा रहेका गोरखाका ति गाबिहरुलाई छिटो सुरक्षित स्थानमा सार्न आवश्यक पहल गर्ने बताउनुभयो ।

### कृष्ण प्रसाद अधिकारी हत्या बारे आयोगको चासो

गोरखा फुजेलका कृष्ण प्रसाद अधिकारीको हत्या भएको ११ वर्ष पुरा भएको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले अधिकारीको हत्या प्रकरणबारे भईरहेको छानबिनको सम्बन्धमा चासो व्यक्त गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगका सदस्यद्धय सुदिप पाठक र मोहना अन्सारीले उपचारत गंगामाया अधिकारीलाई ट्रमा सेन्टरमा पुगेर भेट गर्नुभयो ।

सो क्रममा गंगामायाले हत्या प्रकरणबारे धेरै पटक सम्म पेशी सरेको, प्रहरीले इन्टरपोल मार्फत दोषी पक्राउ बारे नोटिस जारी गरेको सम्बन्धमा भईरहेको प्रयास बारे आफुलाई जानकारी नदिएको बताउनुभयो ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org